१०२२

राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा

सूचना आयुक्त किरणकुमार पोखरेल

सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ३३४/२०७२/०७३

निर्णय नं. ६३७

सुनसरी जिल्ला, धरान न.पा.-१३, उदयमार्ग बस्ने सविन पोखेल ........................................१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, कृषि अनुसन्धान केन्द्र, पाखिबास, धनकुटा ........................................१ विपक्षी

सूचना अधिकारी, कृषि अनुसन्धान केन्द्र, पाखिबास, धनकुटा ........................................१

विषय :-माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।

सुनसरी जिल्ला, धरान न.पा.-१३, उदयमार्ग बस्ने सविन पोखेलले कृषि अनुसन्धान केन्द्र, पाखिबास, धनकुटा समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०६।०१ मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको मिति २०७२।०६।१९ को आदेश बमोजिम कृषि अनुसन्धान केन्द्र, पाखिबास, धनकुटालाई मिति २०७२।०६।२७ च.नं २५० को पत्रद्वारा सूचना उपलब्ध गराउन लेखी गएको । प्रस्तुत सम्वन्धमा उक्त कार्यालयले मिति २०७२।०८।२८, च.नं. १७०, प.सं. २०७२/०७३ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना पुनरावेदकलाई प्रेषित गरी यस आयोगलाई समेत बोधार्थ उपलब्ध गराईएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नु । यसको जानकारी निवेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल फागुन ०३ गते रोज २ शुभम् ।